**NATIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**

**BROADCAST: 19:25 PM** **Dated: 08.05.2025**

**योआकाशवाणीहो**

प्रथममा यस बुलेटीनका प्रमुख समाचारहरू-

1.भारतीय सशस्त्र बलहरूले आज बिहान पाकिस्तानका कैयन स्तानहरूमा वायु रक्षा र राडार र प्रणालीहरूलाई निशाना बनाए।

2. प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रीय सुरक्षा सित संबन्धित हालको घटनाक्रमको मध्येनजर राष्ट्रीय तयारीहरू र अंतर मंत्रालय समन्वयको समीक्षाका लागि सरकारका विभिन्न मंत्रालय र विभागका सचिवहरूका साथ उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभएको छ।

3. रक्षा मन्त्री राजनाथ सिंहले अपरेसन सिन्दूर अन्तर्गत पाकिस्तानमा नौ आतंकी शिविरहरूलाई नष्ट परिएकोछ अनि बढ़ि संख्यामा आतंकीहरू मारिएका छन् भन्नुभएको छ।

4. पाकिस्तान र पाक अधिकृत जम्मु- कश्मीरमा आतंकी ठेगानाहरूमा भारतीय हमलाहरूले पाकिस्तानलाई हताश पारेकोछ उसले झूठा खबरहरू चलाई रहेको छ।

5. सरकारले ओ टीटी परराष्ट्र मन्त्री डा एस जयशंकरले पिकास्तानबाट हमलाहरू जारी रहेको खण्डमा कड़ा जवाफ दिइने भन्नुभयो।

**रक्षा –पाकिस्तान**

भारतीय सशस्त्र बलहरूले आज बिहान पाकिस्तानका कैयन स्थानहरूमा वायु रक्षा रडार र प्रणालीहरूलाई निशाना बनाए। रक्षा मन्त्रालयका अनुसार लाहोरमा एउटा वायु रक्षा प्रणालीलाई निष्प्रभावी  गरि दिइएको थाहा पाइएकोछ।

पाकिस्तानले गए राति ड्रोन र क्षेत्र..... अवन्तीपुरा, श्रीनगर, जम्मू, पठानकोट, अमृतसर, कपूरथला, चण्डीगढ़, नल, फलौदी, उत्तरलाई र भुज लगायत उत्तरी र पश्चिमी भारतमा कैयन सैन्य ठेगानाहरूलाई निशाना बनाउने प्रयास गर्यो। Integrated Counter USA ग्रिड र वायु रक्षा प्रणालीहरूले यसलाई निष्प्रभावी पारीदियो।

रक्षा मन्त्रालयले भनेकोछ, पाकिस्तानले जम्मू कश्मीरको कुपवाढ़ा, बारामुला, उरी, पूंच्छ, मेंढर र राजौरी सेक्टरहरूमा नियन्त्रण रेखा नजिक अकारण गोलीबारीको तीव्रता बढाएको छ। भारतले समुचित जवाबी

**प्रधानमन्त्री –उच्च स्तरीय बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रीय सुरक्षासित संवधित हालको घटनाक्रमको मध्येनजर, राष्ट्रीय तयारीहरू र अंतर मंत्रालय समन्वयको समीक्षाका लागि सरकारका विभिन्न मन्त्रालय र विभागका सचिवहरूका साथ उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो। यसमा उहाँले परिचालन निरन्तरता र संस्थागत परिवर्तनशीलतालाई कायम राख्नका लागि मन्त्रालय तथा एजेन्सीहरू माझ/निर्बध समन्वयको आवश्यकतामा जोड़ दिनुभयो। वर्तमान स्थितिको सामना गर्न/मन्त्रालयको योजना र तयारीको पनि उहाँले समीक्षा गर्नुभयो। बैठकको बेला, कैयन मामिलाहरूबारे चर्चा गरियो जसमा नागरिक सुरक्षा तन्त्रलाई हरियो पार्नु गलत सूचना र भ्रामक खबरहरूको सामना गर्ने प्रयास तथा महत्वपूर्ण पूर्वधारको सुरक्षा सुनिश्चित गर्ने जस्ता विषय शामेल थिए।

मन्त्रालयहरूलाई राज्यका अधिकारीगण र तृणमूल स्तरका संस्थाहरूका साथ घनिष्ठ समन्वय बनाएर राख्ने सल्लाह पनि दिइयो।

प्रधानमन्त्रीले सचविहरूलाई आ- आफ्नो मन्त्रालयसित संवधित सांलनको व्यापक समीक्षा गर्ने अनि आवश्यक प्रणालीहरूद्वारा सम्पूर्ण सुरक्षित तरीकाले कामकाजलाई सुनिश्चित गर्ने निर्देश दिनुभयो।

बैठकमा कैबिनेट सचिव, प्रधानमन्त्री कार्यलयका वरिष्ठ अधिकारी एवम रक्षा, गृह निदेश, सूचना तथा प्रसारण बिजुली स्वास्थ्य र दूरसंचार लगायत् प्रमुख मन्त्रालयका सचिवहरू शामेल भए।

**राजनाथ- सिन्दूर**

रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभएको छ अपरेशन सिन्दूर अन्तर्गत पाकिस्तानमा नौ आतंकी शिविरहरूलाई नष्ट पारिएको छ भने बढ़ि संख्यामा आतंकीहरूलाई मारिएकोछ।

आज नयाँ दिल्लीमा राष्ट्रीय गुणस्तर सम्मेलनलाई सम्बोधित गर्दै उहाँले देशका सशस्त्र बलहरूलाई साहस र वीरताका साथ कार्रवाई गरेकोमा बधाई दिनुभयो।

**भारत पाक फेक न्यूज**

पाकिस्तान र पाक अधिकृत जम्मू कश्मीरमा आतंकी ठेगानाहरूमा भारतका हलमारूले पाकिस्तानलाई हतास पारेको छ र उसले झुठा खबर अनि गलत सूचनाहरू कैलाई रहेको छ। पाकिस्तानको तर्फबाट शानदार सैन्य जीत र वीरतापूर्ण जवानी कार्रवाईको मनगड़न्त कथाहरू चलाइन्दैछ पाकिस्तानी सेनाले बट्टल सेक्टर, जम्मू तथ कश्मीरमा कम्तीमा 12 सैनिकहरूलाई मार्दै हमला गरेको उटा भिडियो पनि देखाइन्दैछ।

दुष्प्रसारको यो बेला श्रोताहरूले हरेक सूचनाको सावधानीपूर्वक जांच गर्न जरूरीछ। यदि तपाईहरूलाई भारतीय सशस्त्र बलसित संबधि अथवा वर्तमान स्थितिसित जुड़ेको कुनैपनि

संदिग्ध जानकारी प्राप्त हुन्छ भने यको सूचना पिआईपी फेक्ट चेक लाई दिनुहोला। यस्तो सामग्रीलाई इमेल आईडी socialmedia@pib.gov.in मा पनि साझा गर्नसक्नुहुन्छ।

**सूचना प्रसारण – पाकिस्तान सामग्री**

सरकारले OTT तथा मीडिया streaming Programme लाई पाकिस्तानको वेब सिरिज फिल्म र अन्य सामग्रीहरूलाई तत्काल प्रभावसित हटाउने निर्देश दिएकोछ।

सूचना प्रसारण मन्त्रालयले पहलगाम आतंकी हमलाको मध्येनजर, राष्ट्रीय सुरक्षा हितबारे बोल्दै यस संबधी परामर्श जारी गरेकोछ। मन्त्रालयले उनीहरूलाई पाकिस्तानी वेब सिरिज फिल्म गीतहरू, ब्रडकास्ट र अन्य मीडिया सामग्रीहरूको स्ट्रिमिङलाई रोक्ने सल्लाह दिएकोछ।

**जयशंकर –ईरान**

भारतको उसको इरादा पाकिस्तानसित स्थितिलाई बिगारने होईन भनि दोहर्याइयो तर त्यहांबाट सैन्य हमलाहरू जारी रहेको खंडमा कड़ा जवाफ दिइने उसले भनेको छ। यो कुरा परराष्ट्र मन्त्री डा एस जयशंकरले नयाँ दिल्लीमा ईरानका विदेश मन्त्री डा सईद अब्बास अराधवीका साथ, भारत, ईरान बीसौं संयुक्त आयोग बैठकको सह अध्यक्षता गर्दै भन्नुभयो।

डा जयशंकरले भन्नुभयो हालका वर्षहरूमा भारत ईरान सहयोग कैयन क्षेत्रहरूमा बढ़ेको छ। भारत - ईरान राजनीतिक संबधहरूको यो 75 औं वर्षगाँठ हो उहाँले भन्नुभयो। अगस्त 2024मा ईरानका विदेश मन्त्रीको पदभार गृहण गरेपछि डा अराधवीको यो पहिलो भारत यात्रा हो।

**रूस-युद्धविराम**

राष्ट्रपति ..Putin को विजय दिवस युद्ध विरामको घोषणा पछि रूसले युद्धलाई स्थगित गरेकोछ। यो आज देखि प्रभावी भएकोछ। श्री Putin ले विजय दिवस समारोहको अवसरमा Ukraine मा जारी विशेष सैन्य अभियानलाई 72 घण्टाका लागि रोक्ने घोषणा गर्नु भएको थियो।

यसैबीच Ukraine का सैनिकहरूले हिजो रूसी शहरहरूमा ठूलो स्तरमा ड्रोन हमलाहरू गरे।

**प्रधानमन्त्री -ब्रजील**

ब्रजीलका राष्ट्रपति लूला डी सिल्वाले आज प्रधानमन्त्री नरेन्द्र मोदीसित भएको कुराकानीमा पहलगाम आतंकी हमलामा मारिएका मानिसहरू प्रति सम्वेदना व्यक्त गर्नुभयो। उहाँले

आतंकवाद विरूद्ध लड़ाई भारतसित समर्थन र एकजुटता प्रगट गर्नुभयो। श्री मोदीले राष्ट्रपति लूलालाई धन्यवाद गर्नुभयो।

दुवै नेताहरूले भारत - ब्रजील द्विपक्षीय रणनीतिक साझेदारीलाई हरियो पार्ने आफ्नो प्रतिबद्धता दोहर्याउनुभयो।

**लेह- बाहन प्रतिबन्ध**

लद्दाखमा लेहका जिल्ला मजिस्ट्रेटले सम्पूर्ण लेह जिल्लामा अघिल्लो मादेशसम्म कुनैपनि किसीमको ड्रोनमाथि मानव रहित हवाई वाहनहरूका उड़ानमा प्रतिबन्ध लगाएको छ। यसले राष्ट्र विरोधी तत्वहरू द्वारा यसको दुरूपयोगको संभावनामाथि रोक लाग्नेछ।

जिल्ला मजिस्ट्रेटले कुनैपनि किसीमको ड्रोन  अथवा मानक रहित हवाई वाहनहरूलाई उड़दै गरेको देखेको खंडमा झट्टै पुलिसलाई सूचित गर्ने आग्रह गरेका छन्।